**माडी गाउँपालिका**

# गाउँ कार्यपालिकाको कार्यालय

**घर्तीगाउँ, रोल्पा**

# सार्वजनिक सुनुवाई

स्थानः वडा नं. ६, कोर्चाबाङ (वडा कार्यालय)
(मिति २०८२/०४/२१ गते।)

# प्रतिवेदन

**सहजकर्ता**
नविन रोकामगर
(पत्रकार)

# माडी गाउँपालिका
## सार्वजनिक सुनुवाई
(मितिः २०८२ साउन २१ गते ।)

## प्रतिवेदन

**सार्वजनिक सुनुवाई सहजकर्ताः** नविन रोकामगर (पत्रकार)
**ठेगानाः** रोल्पा
**सार्वजनिक सुनुवाई गरिएका विषयबस्तुः**

- आर्थिक वर्ष २०८१/०८२ को वार्षिक सार्वजनिक सुनुवाई
- समग्र विकास तथा सुशासन
- नागरिक सुझाव संकलन
- गाउँपालिकाबाट भएका कार्यसम्पादन मूल्यांकन
- आचारसंहिता

लगायत अन्य ...।
**कार्यक्रम आयोजना गरिएको मितिः** २०८२ साल साउन २१ गते । समयः बिहान ११ः०० बजे ।
**कार्यक्रम आयोजना स्थलः** माडी गाउँपालिकाको, वडा नं. ०६, कोर्चाबाङ वडा कार्यालय, रोल्पा ।
**कार्यक्रम सञ्चालन गरिएको समयावधिः** ४ घण्टा

**गतिविधि**

माडी गाउँपालिकालाई सुशासनको क्षेत्रमा अब्बल बनाउन जनप्रतिनिधि र कर्मचारीको भूमिका अहम् हुने भएपनि सरोकारवाला सबैले आ-आफ्नो क्षेत्रमा योगदान दिनुपर्ने सहभागीहरुले बताएका छन् । माडी गाउँपालिकाको मिति २०८२ साउन २१ गते गाउँपालिकाको वडा नं. ०६ कोर्चाबाङ वडा कार्यालयमा आयोजना गरेको आर्थिक वर्ष २०८१/०८२ को वार्षिक सार्वजनिक सुनुवाईमा सहभागी गाउँपालिकाबासीहरुले यस्तो बताएका हुन् । रोल्पा नगरपालिकाको आयोजना तथा पत्रकार नवीन लोचनमगरको सहजीकरणमा सम्पन्न सार्वजनिक सुनुवाईमा बोल्दै नगरबासीले सेवा प्रवाहलाई अझै प्रभावकारी बनाउनुपर्ने बताएका थिए ।

बुधबार माडी गाउँपालिकाको वडा नं. ६, कोर्चाबाङमा कार्यक्रमको आयोजना गरी गत आर्थिक वर्षको वार्षिक प्रतिवेदन सार्वजनिक गर्दै समीक्षासमेत गरिएको छ । कार्यक्रममा

गाउँपालिकाले गरेको कार्यसम्पादन उत्कृष्ट रहेको भएपनि जनताका सरोकारका विषय अझै सम्बोधन गर्नुपर्ने सहभागीले बताएका थिए ।

कार्यक्रममा सहभागी स्थानीय मानबहादुर घर्तीले गीतको माध्यमबाट नाङ्खोलाको पुल जिर्ण भएको भन्दै गाउँपालिकाको ध्यानाकर्षण गराउनुभएको थियो । त्यस्तै कोर्चाबाङकै स्थानीय नन्दकुमारी पुनमगरले आइपास नेपालले किशोरकिशोरी सम्बन्धी तालिम दिइ विभिन्न काममासमेत खटाएको स्मरण गराउँदै ती तालिमप्राप्त जनशक्तिलाई किशोरकिशोरीको प्रजनन् स्वास्थ्य, बालविवाह न्यूनीकरण लगायतका विषयमा परिचालन गर्नसक्ने सम्भावनाका विषयमा जानकारी गराउनुभएको थियो ।

कार्यक्रममा बोल्दै गाउँपालिका अध्यक्ष अमरसिंह घर्तीमगरले भौतिक पूर्वाधार निर्माणका दृष्टिकोणले गाउँपालिकाले धेरै प्रगति गरेको स्मरण गर्दै कृषि र पशुपालनलाई प्राथमिकता दिएर आर्थिक समृद्धिको बाटो अवलम्बन गर्ने कुरालाई प्राथमिकता दिएको जानकारी दिनुभयो । ‘हामीले आम मानिसको जीवनस्तर सुधारका लागि के के गर्नसक्छौं भन्ने विषयलाई नै मुख्य प्राथमिकता दिएका छौं’ अध्यक्ष घर्तीमगरले भन्नुभयो, ‘त्यसबाहेक मानवीय विकासलाई जोड र भौतिक विकासलाई ध्यान दिएर कार्यसम्पादन गरिरहेका छौं, बजेटको प्राथमिकीकरण पनि त्यसैअनुसार छ ।’ उहाँले मानवीय विकासको महत्वपूर्ण कडीका रुपमा शैक्षिक गुणस्तरीयतामाथि विवेचना गर्नुपर्ने महसुस गर्दै यसअघि कक्षा ८ को पालिकास्तरीय परीक्षामा ६-७ प्रतिशत मात्र हुने उत्तीर्ण दरलाई बढाएर ३४-३५ प्रतिशतसम्म पुऱ्याएको बताउनुभयो ।

माडी गाउँपालिकालाई समृद्ध बनाउन जनप्रतिनिधिको अगुवाईमा सबै पक्षको साझा प्रतिवद्धता र सहकार्य हुनुपर्ने बताउँदै अध्यक्ष अमरसिंह घर्तीमगरले राजनीतिक पूर्वाग्रहबाट माथि उठेर सामाजिक सहिष्णुता कायम गर्दै समृद्धिको यात्रामा सहकार्य गर्न सबै दलहरुलाई आग्रह गर्नुभयो । ‘विचार र राजनीतिको मतभिन्नता अभिव्यक्त गर्ने ठाउँमा त्यो पनि गरौं, तर विकास निर्माण तथा जनताका सरोकारका विषयमा पूर्वाग्रह राख्नु नेताहरुकै लागि प्रतिउत्पादक हो’ अध्यक्ष घर्तीमगरले भन्नुभयो, ‘गुण र दोषका आधारमा समर्थन वा विरोध गरौं, त्यसको म सधै स्वागत गर्छु ।’

कार्यक्रममा बोल्दै वडा नं. ६, का अध्यक्ष खर्कबहादुर पुनले दलहरुतिर लक्षित गर्दै सडक वा चिया पसलमा गरिने अनावश्यक आरोप प्रत्यारोप जनताका अगाडि यस्ता सार्वजनिक सुनुवाईमा भन्नुपर्ने बताउनुभयो । गाउँपालिकाको कार्यसम्पादनका सन्दर्भमा आफूकहाँ केही गुनासाहरु आउने गरेको बताउँदै उहाँले जनप्रतिनिधि, कर्मचारी सबैले सेवाभावका साथ काम गर्नुपर्नेमा जोड दिनुभयो ।

कार्यक्रममा निमित्त प्रमुख प्रशासकीय अधिकृत ईश्वरीप्रसाद गौतमले वार्षिक प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो । गाउँपालिका उपाध्यक्ष जयपुरी घर्तीमगर, विभिन्न सामाजिक संघसंस्थाका प्रमुखहरु, गाउँपालिका अन्तर्गत विषयगत शाखाका प्रमुखहरु, सुरक्षाकर्मी, पत्रकार लगायतको उपस्थिति रहेको कार्यक्रमको सहजीकरण नवीन लोचनमगरले गर्नुभएको थियो ।कार्यक्रममा श्रोता सर्वेक्षणको मतहरु, गुनासो तथा सुझावहरु समेत प्रस्तुत भएका थिए ।

**कार्यक्रमको सकारात्मक पक्ष**

सार्वजनिक सुनुवाईले सेवा प्रदायक संस्थाको रुपमा रहेको माडी गाउँपालिका तथा त्यस अन्तर्गतका विषयगत शाखाको सेवा प्रवाहको अवस्था र जनतामा त्यसको प्रभावबारे जानकारी हुनुका

साथै जनस्तरमा रहेका स-साना गुनासोहरुलाई पनि सम्बोधन गर्ने वातावरण निर्माण भएको छ । गाउँपालिकाले वार्षिक नीति तथा कार्यक्रममा सम्बोधन गर्नुपर्ने विषयबारे आएका सुझावले स्थानीय सरकारको काम कार्वाहीलाई अझै प्रभावकारी बनाउन मद्धत पुगेको छ। विकास र समृद्धिका विभिन्न आयामहरुमध्ये मानवीय विकास तथा युवा सशक्तिकरण पनि महत्वपूर्ण पाटो भएकाले यसतर्फ गाउँपालिकाले गरेको लगानीले निकट समयमै प्रतिफल दिने विश्वास लिएका छौं।

**प्राप्त उपलब्धि**

- ✓ जनताका गुनासो, माग तथा सुझावहरु संकलन भएका छन् । जसले गर्दा आगामी नीति तथा कार्यक्रम निर्माणमा सघाउ पुगेको छ।
- ✓ स्थानीय सरकार र जनस्तरको मनोभावना बीच सार्वजनिक सुनुवाईले पुलको काम गरेको छ।
- ✓ हरेक ठाउँमा सकारात्मक सोचका साथ अगाडि बढ्नसके जस्तोसुकै चुनौतीहरुसँग पनि जुँध्न सकिन्छ भन्ने सन्देश प्रवाह भएको छ र सकारात्मक बन्नुपर्छ भन्ने भावना जागृत भएको छ।
- ✓ माडी गाउँपालिकामा आर्थिक वर्ष २०८१/०८२ मा भएगरेका कार्यसम्पादनका विषयमा सरोकारवाला निकाय तथा सर्वसाधारणलाई समेत जानकारी भएको छ।
- ✓ चालु आर्थिक वर्षको कार्यसम्पादन तथा आगामी वर्षको नीति तथा कार्यक्रम निर्माणमा थप सहयोग पुगेको छ।

**अन्तमा,**

कार्यक्रम निकै सौहाद्रपूर्ण वातावरणमा सम्पन्न भयो । यसका लागि सबभन्दा पहिले त माडी गाउँपालिकाका अध्यक्ष अमरसिंह घर्तीमगर, उपाध्यक्ष जयपुरी घर्तीमगर, निमित्त प्रमुख प्रशासकीय अधिकृत ईश्वरी प्रसाद गौतम, वडाअध्यक्षहरु, शाखा प्रमुखहरु, कार्यपालिका सदस्य तथा वडा सदस्यहरु लगायत सबैमा हार्दिक आभार एवम् कृतज्ञता व्यक्त गर्दछौं। यसको निरन्तरताको कामनासहित !

नविन रोकामगर
(सहजकर्ता)
कुलबहादुर गुरुङ
(सहयोगी)

## कार्यक्रमका केही तस्बिरहरू

















आ.व. २०८१/०८२ को पालिका स्तरीय
सार्वजनिक सुनुवाई कार्यक्रम




वडा कार्यालय


माडी गाउँपालिका ६ नं. वडा कार्यालय कोर्चावाङ


सार्वजनिक सुनुवाई कार्यक्रम








"कृषि, पशुपंक्षी, जडिबुटी र दिगो पूर्वाधार, समृद्ध माडीको आधार"
आ.ब. २०८१/०८२ को पालिका स्तरीय
सार्वजनिक सुनुवाई कार्यक्रम
मिति: २०८२/०४/२१ गते
स्थान: माडी गाउँपा
नं. वडा कार्यालय कोर्चावाङ, रोल्पा
आयोजक
माडी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
घर्तिगाउँ रोल्पा
लुम्बिनी प्रदेश, नेपाल



